नेपाल नागरिक उड्डयन प्राधिकरण

# नेपालगञ्ज नागरिक उड्डयन कार्यालय

नेपालगञ्ज-२०, राँझा, बाँके

## बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/११/१७ गते)

नेपालगञ्ज विमानस्थलको जग्गा (भि.ओ.आर.डि.एम.ई परिसर) कार्यालयले तोकिदिएको स्थान/क्षेत्रफलमा कृषि प्रयोजनका लागि खुला प्रतिस्पर्धाको माध्यमबाट ५(पाँच) बर्षको लागि आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट सो सम्बन्धी कारोबार गर्ने इजाजतपत्र प्राप्त गरेका ईच्छुक व्यक्ति/फर्म/संस्था/कम्पनीले प्रचलित कानुनको अधिनमा रही बोलपत्र दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छायो सूचना सम्बन्धी विस्तृत विवरण नेपाल नागरिक उड्डयन प्राधिकरणको वेबसाईट www.caanepal.gov.np र नेपालगञ्ज नागरिक उड्डयन कार्यालयको वेबसाईट www.airports.caanepal.gov.np/nepalgunj/ मा राखिएको छ। साथै कार्यालयको फो.न.०८१-५६५२०७ मा सम्पर्क गरी थप जानकारी प्राप्त गर्न सकिने छ।

| क्र.स. | विवरण | क्षेत्रफल (रोपनी) | बोलपत्र फारम दस्तुर मु.अ.कर समेत | न्युनतम् बहाल रकम (पाँच वर्षको लागि) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | नेपालगञ्ज विमानस्थलको जग्गा (भि.ओ.आर.डि. एम.ई) मा कृषि प्रयोजनका लागि आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा। | करिब ४५ बिगाह | रु.३३९०।०० | रु.८१,६७,५००।०० | सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र। | सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र। | बोलपत्र दाखिला गर्ने अन्तिम दिनको १४:०० बजे। |

Scanned with CamScanner

नेपाल नागरिक उड्डयन प्राधिकरण
नेपालगञ्ज नागरिक उड्डयन कार्यालय, बाँके
भि.ओ.आर.डि.एम.ई परिसरको जग्गा (कृषि प्रयोजनका लागि)
बहाल ठेक्का सम्बन्धी बोलपत्र आव्हानको सूचना
(प्रकाशित मिति २०८०/११/१६ गते)

नेपालगञ्ज नागरिक उड्डयन कार्यालयको भि.ओ.आर.डि.एम.ई परिसरको जग्गा (कृषि प्रयोजनका लागि) करिव ४५ विगाह क्षेत्रफलमा कृषि प्रयोजनका लागि जग्गा (भि.ओ.आर.डि.एम.ई परिसर) बहाल ठेक्का सेवा सञ्चालनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकाय बाट सो इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति संस्था फर्म कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा काठमाण्डौं विशालबजार स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नम्बर १०९०१०००६४९१७००१ मा रु. ३,३९०।- (अक्षरेपी: तीन हजार तीन सय नब्बे रुपैयाँ मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने गरी) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेस गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२.बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिनको कार्यालय समयभित्र खरिद गरी १६ (सोहौं) औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको १४:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताकोतर्फबाट अख्तियारीपत्रसहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोपछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र पेस गर्नुपर्नेछ ।

४.जग्गा (कृषि प्रयोजनका लागि) उपलब्ध गरेके परिसर भित्र कुनै स्थायी सरचना निर्माण गर्न पाइने छैन। बहाल क्षेत्रका माटो ओसार पसार गर्न पाइने छैन ।जग्गा बहाल परिसरको जग्गा तथा कुनैपनि सरचनाको अतिक्रमण गर्न गराउन नपाइने,बहाल सेवा सञ्चालनको लागि ठेक्का अवधि ५ (पाँच) वर्षको हुनेछ । सो अवधिको न्यूनतम ठेक अंक रु.८१,६७,५००/- (अक्षरेपी: एकासी लाख सड्सठि हजार पाच सय मात्र) कायम गरिएको छ । साथै हरेक दुइ वर्षमा कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा १० प्रतिशतका दरले स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ ।

५.प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुका हिस्सेदारहरुले बोलपत्रमा भाग लिन पाउनेछैन। प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नुपर्नेछ

६.कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम नेपालगंज नागरिक उड्डयन कार्यालयको नाममा सिदार्थ बैंक लिमिटेड नेपालगंज शाखामा रहेको धरौटी खाता नम्बर ०१५१५०८०४४३ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा क वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

७.दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी नेपालगञ्ज नागरिक उड्डयन कार्यालय, नेपालगञ्ज बाँके लाई सम्बोधन गरी नेपालगञ्ज नागरिक उड्डयन कार्यालय मा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिनेछैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११.बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२.यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र http:airports.caanepal.gov.np/nepalgunj मा उपलब्ध हुनेछ ।

१३.यस सूचनामा नपरेका अन्य कुराहरु नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ।

१४.यस सम्बन्धी अन्य कुरा बुझ्नुपरेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।



Scanned with CamScanner